गौरीशंकर गाउँपालिका
Gaurishankar Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
सुरी, दोलखा ।, Suri, Dolakha, बाग्मती प्रदेश, नेपाल, Bagmati Province, Nepal

पत्र संख्या/ Ref. No. :- ०७६/७७
चलानी नं. /Dispatch No.:- १५०८

मिति/ Date:- २०७७/०३/२४

## सामाजिक सुरक्षा लाभग्राहीहरुले नाम नविकरण गराउने सम्बन्धी अत्यन्त जरुरी सुचना !!!

**श्री गौरीशंकर गाउँपालिका**
**( १ देखी ९ ) सवै वडा कार्यालयहरु**

प्रस्तुत विषयमा राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण विभागको च.नं. १७१९, प.सं. ०७६/७७ मिति २०७७/०३/१५को पत्रानुसार सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधी, २०७५ अनुरुप सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले अगामी आर्थिक वर्षमा पनि भत्ता लिन चाहेमा प्रत्येक आर्थिक वर्षको श्रावण १ देखी पौष मसान्त भित्र नाम नविकरणको लागी निवदेन दिनुपर्ने व्यवस्था रहेकोमा हाल सामाजिक सुरक्षा नियमावली, २०७६ लागु भईसकेपछि नियमावलीको नियम ९ अनुरुप प्रत्येक आर्थिक वर्षको श्रावण मसान्त भित्र नविकरण गर्नुपर्ने व्यवस्था रहेको छ । सो परिवर्तित व्यवस्था अनुरुप श्रावण मसान्त भित्र नाम नविकरण गर्नको लागी सम्बन्धित सवै लाभग्राहीहरुमा सुचना तथा जानकारीको लागी अनुरोध गरिन्छ ।

**आवश्यक कागजातहरु**

- नागरिकताको प्रमाण पत्रको प्रतिलिपी
- बालबालिकाको हकमा जन्मदर्ताको प्रतिलिपी
- विधुवा महिलाको हकमा पतिको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपी
- अपाङ्गता भएको व्यक्तिको हकमा साविकको महिला बालबालिका कार्यालय वा हाल पालिकाले वितरण गरेको अपाङ्ग परिचपपत्रको प्रतिलिपी
- सम्बन्ध विच्छेद गरि अर्को विवाह नगरेकी महिलाको हकमा सम्बन्ध विच्छेद दर्ताको प्रमाण पत्रको प्रतिलिपी अर्को विवाह नगरेको प्रमाण
- न्यायिक पृथकीकरण गरी बसेकी महिलाको हकमा न्यायिक पृथकीकरण भएको प्रमाण पत्र
- विवाह नगरेको एकल महिलाको हकमा वडाको सिफारिस
- दुई प्रति फोटो

पुनश्च : (१) राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण विभागको निर्देशन अनुसार **६० वर्ष भन्दा कम उमेर भएका विधुवा र अति अशक्त अपाङ्गता भएका व्यक्ती (ख वर्ग )हरुको** हकमा नयाा दर्ताको लागी विभागबाट अर्को सुचना जारी नभएसम्मको लागी नयाँ दर्ता तथा नविकरण नगर्नुहुन ।
(२) सामाजिक सुरक्षा परिचय पत्र नविकरण निवेदनको ढाचाँ सम्बनधित वडा कार्यलयमा छ ।

..........
प्रदिप कुमार खड्का
प्रमुख प्रशासकीय अधिकृत